# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश

## हेटौंडा, मकवानपुर

## (परीक्षा सञ्चालन शाखा)

☎ ०५७-५९०६१३, ५९०६१४, ५९०६१५, वेबसाइटः ppsc.bagamati.gov.np ई-मेलः info.ppsc@bagamati.gov.np

### परीक्षा भवन कायम गरिएको सूचना

सूचना नं. २८/०७७-७८, मिति : २०७७/१०/२२

आयोगको तपसिलमा उल्लेखित विज्ञापनहरूको (खुला तथा समावेशी) परीक्षा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्ने निम्नानुसारका मिति, समय र परीक्षा भवनहरूमा प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ ।

| परीक्षा भवन | | | | | | |
|---|---|---|---|---|---|---|
| विज्ञापन नं. ५०१/०७७-७८ (खुला) | | | सेवा/समूहः इञ्जि/सिभिल/जनरल | | पदः ल्याब असिष्टेन्ट | |
| क.सं. | उम्मेदवारहरूको रोल नं. | | परीक्षार्थी सङ्ख्या | परीक्षा भवन | परीक्षा मिति | परीक्षा समय |
| | देखि | सम्म | | | | |
| १ | दरखास्त पेश गर्ने सबै उम्मेदवारहरू | | | हेटौंडा क्याम्पस, हेटौंडा-४ | २०७७ माघ २५ गते | दिनको ३:३० बजे |

**द्रष्टव्य १:-**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्यासित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।

३. परीक्षा भवनमा झोला, मोबाइल फोन, स्मार्ट घडी लगायत कुनै पनि विधुतीय उपकरणहरू लैजान निषेध गरिएको छ ।

४. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

५. परीक्षामा प्रवेशपत्रसँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ ।

६. दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको स्वीकृत नामावली आयोगको वेबसाइट ppsc.bagamati.gov.np मा प्रकाशित गरिएको छ ।

७. प्रवेशपत्र आयोगको कार्यालय हेटौंडाबाट वितरण गरिने हुँदा स्वीकृत नामावलीमा आफ्नो रोल नम्वर पहिचान गरी आउनुहुन अनुरोध गरिन्छ ।

**द्रष्टव्य २:- कोभिड-१९ सङ्क्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयम्ले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कँदा भिडभाड नगरी एकआपसमा दुई मिटरको दूरी कायम गर्नु पर्नेछ ।

३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरी दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।

५. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

६. कोभिड-१९ बाट सङ्क्रमित परीक्षार्थीहरूका लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने हुँदा सङ्क्रमित परीक्षार्थीले आफू सङ्क्रमित भएको जानकारी आयोगको सम्पर्क नम्वर ९८५५०१३६१४/९८४६९४८४४४ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ ।

(भोला दाहाल)

निमित्त सचिव